आठराई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सक्रान्तिवजार तेह्रथुम
१ नं. प्रदेश, नेपाल

# प्राविधिक कर्मचारी करार सेवामा पदपूर्ति गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७५।०५।१५ गते )**

आठराई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको मिति २०७५/०४/२४ गतेको निर्णयानुसार यस गाउँपालिकाद्वारा आ.व. २०७५।०७६ मा विनियोजित योजना तथा कार्यक्रम संचालन तथा प्राविधिक कामकाज गर्नको लागि गाउँपालिकाको स्वीकृत दरवन्दी अनुशार तपसिलको पदमा करार सेवामा नियुक्ती गर्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुबाट आवेदनको लागि दरखास्त आह्वान गरिएको छ।म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही हुने छैन ।

| क्र सं | विज्ञापन नम्बर | पद | पद संख्या |
|---|---|---|---|
| १ | ०१/२०७५-७६ | सव इन्जिनियर (सिभिल, आर्किटेक्ट) | ३ |
| २ | ०२/२०७५-७६ | अ सव इन्जिनियर (सिभिल) | २ |

## तपसिल

१. **दरखास्त दिने अन्तिम मितिः-** मिति २०७५/०५/२९ गते कार्यालय समय भित्र (सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र) उक्त दिन सार्वजिनक विदा परेमा सोको भोलीपल्ट वा सो पछी कार्यालय खुलेको पहिलो दिन कार्यालय समय भित्र ।

२. **दरखास्त फारम पाउने स्थानः** आठराई गाउँ कार्यपालिकाको कार्यालय, सक्रान्तिवजार, तेह्रथुम ।

३. **आवश्यक न्यूनतम शैक्षिक योग्यताः**

**क) सव इन्जिनियर (सिभिल, आर्किटेक्ट )**

मान्यता प्राप्त शैक्षिक संस्थाबाट सिभिल इन्जिनियरिङ विषयमा कम्तिमा डिप्लोमा वा प्रविणता प्रमाणपत्र तह (+2) वा सो सरह उतिर्ण गरेको हुनुपर्नेछ।

**ख) अ . सव इन्जिनियर (सिभिल)**

मान्यता प्राप्त शैक्षिक संस्थाबाट सिभिल इन्जिनियरिङ विषयमा कम्तिमा TSLC वा सो सरह उतिर्ण गरेको हुनुपर्नेछ।

४. **संलग्न गर्नु पर्ने कागजातहरुः** व्यक्तिगत विवरण (Bio Data), नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र, कार्यानुभव भए सोको प्रमाणपत्र, हालसालै खिचिएको पासपोर्ट साइजको फोटो ।

५. **दरखास्त दिने तरिकाः** बुँदा नं. ४ मा उल्लिखित कागजातहरु स्वयं प्रमाणित गरी एवं. बुँदा नं. ६ मा तोकिएको दस्तुर यस गाउँपालिकाको नेपाल वङगलादेश वैंक लिमिटेड सक्रान्तिवजार शाखामा रहेको संचित कोष खाता नं. 9590100220 मा जम्मा गरी सक्कल भौचर साथ रीतपुर्वकको आवेदन फारम भरी स्वय प्रमाणपत्रहरुहरुको सक्कलै प्रति लिई उपस्थित हुनुपर्नेछ ।
(नोटः विदेशी वोर्डबाट उर्तिर्ण गरेको भएमा समकक्षता निर्धारण गरेको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।)
**दस्तुरः** रु ७००।÷ (रु. सात सय मात्र **सव इन्जिनियर (सिभिल, आर्किटेक्ट)**)
रु ५००।÷ (रु. पाँच सय मात्र **अ सव इन्जिनियर (सिभिल)**)

६. **करार अवधिः** करार सम्झौतामा उल्लेख भएबमोजिम

७. **तलव सुविधाः** नेपाल सरकारको प्रचलित स्केल बमोजिम हुनेछ र अन्य सेवा सुविधा करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

८. **उम्मेदवारको उमेर हदः** दरखास्त दिने अन्तिम मिति सम्ममा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको हुनु पर्नेछ । महिलाको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ ।

९. **काम गर्नुपर्ने स्थानः** आठराई गाउँ कार्यपालिकाको कार्यालय र अन्तर्गतका ७ वटै वडा कार्यालय

१०. **परिक्षण पद्धतिः** लिखित र अन्तर्वाता
**नोटः** लिखित र अन्तर्वाता मिति कार्यालयको वेबसाइटमा प्रकाशित गरिनेछ ।

११. **थप जानकारीका लागिः-** सम्पर्क नं. ९८५२०६०३२२, **http://www.aathraimun.gov.np/**

१२. **नोटः** यस सूचनामा उल्लेख भए भन्दा बाहेकका बिषयहरु गाउँ कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

प्रमुख प्रशासकिय अधिकृत